# सन्दुक भित्र आउनु

**Pastor S. James**

**April 21st, 2022**

*प्रार्थना*

*प्रभु तपाइलाइ धन्यबाद , धन्यबाद , धन्यबाद हामी आफै केहि कुरा को पनि योग्य छैनौ । हामीलाइ तपाइले योग्य बनाउनुभयो । आज हामी जाहाँ खडा छौ त्यो सबै हजुर को अनुग्रह र कृपाको कारणले मात्र हो प्रभु यो सबै कुराको लागी तपाइलाइ धन्यबाद । हामी सबै जना पापी थियौ । पाप को कारण तपाइ संग हामी अलग भएका थियौ । तपाइको कृपा र अनुग्रहको कारण हामी तपाइ संग संगती गर्न पाएका छौ । हामीलाइ हजुर को बचन बुभ्न को लागी र बुझेर दिन दिन को जीवनमा पालन गर्नलाइ हामीलाइ अझै तपाइको अनुग्रह ले भर्नुहोस् प्रभु । धन्यबाद धन्यबाद धन्यबाद यो सबै बिन्ति प्रार्थना येशु मशिह को नाममा आमेन ।*

बिश्वास को बारेमा सिक्दा हामीलाइ शन्तहरुको बादलले घेरेको छ । त्यस शन्तहरु मध्य हनोक को बारेमा र नुह को बारेमा हामीले देख्यौ ।

हिब्रु ११:१ विश्वासको अर्थ हो, हामीले आशा गरेका कुराहरूको निश्चित छ। अनि विश्वासको अर्थ हुन्छ हामीले कुनै कुरालाई नदेखेता पनि त्यो वास्तविक छ भन्ने जान्नु।

देखेको कुरामा आशा राख्छौ भने त्यो असल बिश्वास होइन । बिश्वास पनि २ प्रकारको हुन्छ । एउटा देखेको कुरा माथि बिश्वास राख्नु उदारहण को लागी आगोमा हात डाल्यो भने त्यसले पोल्छ भनेर बिश्वास गर्छौ किनभने त्यो हामीले देख्न सक्छौ र अर्को नदेखेको कुरामा बिश्वास उदारहण को लागी हामी कसैले पनि नरक र श्वर्ग देखेका छैनौ तर हामी बिश्वास गर्छौ कि श्वर्ग र नरक छ । यो हो नदेखेको कुरा माथि बिश्वास र त्यस नदेखेको कुरा माथि आशा राख्नु ।

हिब्रु ११:७ [7]नूहले त्यसबेला सम्म जुन देखेकै थिएनन् त्यसको लागि उनलाई परमेश्वरले चेतावनी दिनुभयो, परमेश्वर प्रति नूहको विश्वास र श्रद्धा थियो। यसर्थ उनले आफ्नो परिवारलाई बचाउन एउटा ठूलो जहाज बनाए। आफ्नो विश्वासले संसार गल्ती छ भन्ने उनले देखाए अनि विश्वासद्वारा परमेश्वरका धर्मी बनिने ती मानिसहरूमध्ये उनी एकजना भए।

नुहले त्यस बेला सम्म बर्षा देखेकै थिएनन् । नदेखेता पनि परमेश्वर बाट चेतावनी पाए र नदेखेको कुरामा बिश्वास गरेर जाहाज बनाए । त्यसैगरी हामीले पनि एक दिन शरीर मा मरे पछि न्याय को अगाडि खडा हुनु पर्छ । र मान्छे नरक र श्वर्ग जान्छन् त्यो श्वर्ग र नरक कसैले पनि देखेको छैन । बचनले माहा सङकष्ट आउछ भन्छ । तर हामीले त्यो पनि देखेका छैनौ । बचनले र्‍याप्चर हुन्छ भन्छ त्यो पनि हामीले कहिलै देखेका छैनौ ा र पनि यि कुराहरुको बारेमा हामीलाइ चेतावनी दिएको छ ।

कोरन्थी १५:१९ [19]यदि ख्रीष्टमा हाम्रो आशा संसारमा यसै जुनिको लागि मात्र हो भने हामी अरू जम्मै मानिसहरू भन्दा ज्यादा दुःखी छौं।

यदि हामी यो संसारको देखेको जीवन को लागी मात्र येशु माथि बिश्वास गर्छौ भने हामी सबै मान्छेहरु भन्दा हामी दयनीए हुन्छौ । हामीले येशु माथि बिश्वास त गर्‍यौ तर नदेखेको कुरा माथि येशुमा बिश्वास गरेनौ । त्यसै गरी शावल राजा , श्यामशोन , गिडोन यिनीहरुले संसार को कुरामा परमेश्वरमा बिश्वास गरे तर अन्तमा एक दिन मृत्यु आउछ न्याय आउछ त्यो नदेखेको कुरामा बिश्वास गरेनन् । त्यसकारणले यो जीवनमा सबै भन्दा दयनीय यिनीहरु हुन्। अन्यजातिहरुलाइ केहि पनि थाहाँ छैन । हामीलाइ त सबै कुरा पहिलानै परमेश्वरले चेतावनी दिनुभएको छ । र पनि हामी उनीहरु जस्तो जीउछौ भने त हामी सबै भन्दा दयनीय हुन्छौ । यो जीवन को लागी मात्र हामीले परमेश्वरमा बिश्वास गर्ने होइन तर अनन्तकाल को जीवन को लागी हामीले परमेश्वरमा बिश्वास राख्नु पर्छ । त्यसैले येशुले नुहको पाला को बारेमा भन्नुभयो ।

मत्ति २४:३७-३९ [37]मानिसको पुत्र आउदा, त्यसबेला त्यस्तै स्थिति हुनेछ जस्तो स्थिति नूहको समयमा भएको थियो।
[38]त्यसबेला जल-प्रलय हुन अघि मानिसहरू खाइ पिइरहेका थिए। मानिसहरू विवाह गर्दै थिए र आफ्नो छोरा अनि छोरीहरूलाई विवाह गर्न दिइरहेका थिए। नूह जहाजभित्र नचढुञ्जेलसम्म मानिसहरूले यसो गरिरहेका थिए।
[39]मानिसहरूले के भइरहेको छ भनी केही जानेका थिएनन्। तर त्यसैबेला जलप्रलय भयो अनि सबै नष्ट भयो। मानिसको पुत्रको आगमनको समयमा पनि यस्तै हुनेछ।

येशुले भन्नुभयो येशु आउदा नुह को समयमा जस्तै हुन्छ । मान्छेहरु खाइ पिइरहेका र बिवाह गर्दै रहेका हुन्छन् । नुह को छोराहरु ५०० शाल पछि जन्मेका थिए । जाहाज बनाउन को लागी १२० शाल लाग्यो । पुरा गरेर ६०० शाल पछि प्रलय आयो । तर परमेश्वरले नुहलाइ उसको छोराहरु जन्मनु भन्दा पहिलानै प्रलय आउछ भनेर चेतावनी दिनुभयो । परमेश्वर को चेतावनी पछि नुहले पनि बिवाह गर्‍यो उसले पनि नानीहरु जन्मायो । र उसले पनि खायो पियो यसमा कुनै गलत छैन तर परमेश्वरले भन्न खोजेको कुरा यो हो कि आखाँ काहाँ छ ?

हिब्रू ११:७ [7]नूहले त्यसबेला सम्म जुन देखेकै थिएनन् त्यसको लागि उनलाई परमेश्वरले चेतावनी दिनुभयो, परमेश्वर प्रति नूहको विश्वास र श्रद्धा थियो। यसर्थ उनले आफ्नो परिवारलाई बचाउन एउटा ठूलो जहाज बनाए। आफ्नो विश्वासले संसार गल्ती छ भन्ने उनले देखाए अनि विश्वासद्वारा परमेश्वरका धर्मी बनिने ती मानिसहरूमध्ये उनी एकजना भए।

नुहले आफ्नै घरानालाइ बचाउनको लागी भक्ति साथ एउटा जाहाज बनाए । संसारको मान्छे जस्तै नुह पनि खादै छ विवाह गर्दैछ । किन्दै छ बेच्दैछ तर पनि आफ्नो परिवारलाइ बचाउनको लागी भक्ति साथ परमेश्वरको आज्ञा पालन गर्दैथिए । हामी पनि आफ्नो संसारको जीवन जीउनको लागी संसारमा काम गर्दैछौ र पनि आउने न्याय को दिन को लागी तयारी पनि गर्दैछौ ।

उत्पत्ति ६:८-९ [8]तर नहले परमप्रभुलाई खुशी तुल्याए।
[9]यो नूहको पारिवारीक इतिहास हो। नह उसको जीनवनभरि एकजना असल व्यक्ति थिए। नहले सँधैं परमेश्वरको अनुसरण गर्द थिए।

परमेश्वर को अनुग्रह नुह माथि थियो । परमेश्वरले भन्नुभयो नुह एक धार्मीक मानिस थिए । त्यसकारण नुहले परमेश्वरले भनेको कु नदेखेता पनि बुझे र बिश्वास गरे । त्यसैगरी हाम्रो जीवनमा पनि परमेश्वरको अनुग्रह छैन भने हामीले परमेश्वर को चेतावनी बुझ्न र बिश्वास गर्न सक्दैनौ । येशुले पनि निकोदोमस संग भन्नुभयो जब सम्म एउटा मान्छे आत्मा र पानी द्वारा जन्मदैन उसले परमेश्वर को राज्य देख्न र प्रवेश गर्न सक्दैन । जब हामी हाम्रो काम माथि भरोसा नराखेर येशु ले गरेको काम माथि मात्र भरोसा राख्यो भने त्यति खेर हाम्रो जीवनमा परमेश्वर को अनुग्रह आउछ ।

रोमी ४:५-६ [5]"कसैले त्यस्तो काम गर्न सक्दैन जसले उसलाई धर्मी बनाउनेछ। यसैले मानिसले परमेश्वरमा विश्वास गर्नु पर्दछ जसले उसलाई धर्मी बनाउनुहुन्छ। तब परमेश्वरले उसको विश्वास ग्रहण गर्नुहुन्छ र उसलाई धर्मी बनाउनु हुन्छ।
[6]त्यस्तै प्रकारले, दाऊदले त्यस मानिसको प्रसन्नता व्यक्त गरे जसलाई परमेश्वरले उसको कर्महरू नविचारी धर्मी ठहराउनु हुन्छ। दाऊदले भनेः

एउटा मान्छे धर्मी गनीन को लागी उसले आफुलाइ अधर्मी मान्नु पर्छ । उसको आफ्नो काम माथि उसको भरोसा हुनुहुदैन । नत्र भने त्यसले घमण्ड मात्र ल्याउछ । मान्छेले एक अर्कामा तुलना गर्छ र भन्छ म तिमी भन्दा धर्मी हु । तर बचनले भन्दछ मान्छे धार्मीक हुन को लागी एउटै मात्र बाटो छ । त्यो हो येशु को काम माथि बिश्वास राख्नु । म पापी हु भनेर परमेश्वर को सामु स्वीकार गर्नु र उहाँको कृपा माग्नु पर्छ । त्यस कारणले परमेश्वर को अनुग्रह र कृपा नुह माथि आयो र नुह धार्मीक गनिए ।

उत्पत्ति ६:९ [9]यो नूहको पारिवारीक इतिहास हो। नह उसको जीनवनभरि एकजना असल व्यक्ति थिए। नहले सँधैं परमेश्वरको अनुसरण गर्द थिए।

आफ्नो पुस्तामा नुह धार्मीक र निर्दोश थिए । सबै भन्दा पहिला परमेश्वर को अनुग्रह र त्यसपछि धार्मीक र तेस्रोमा हर दिन निद्रोश भएर चल्नु पर्छ ।

उत्पत्ति १७:१ जब अब्राम 99 वर्ष पुगे परमप्रभु तिनी सामु प्रकट हुनुभयो। परमप्रभुले भन्नुभयो, "म सर्वशक्तिमान परमेश्वर हुँ। मसित सही पथ अनुशरण गर।

आज को दिन निर्दोश भएर चल्नको लागी हामी परमेश्वर को अगाडि चल्नु पर्छ । पछाडि र संगसंगै होइन । जब हामी अगाडि चल्छौ परमेश्वर हामीले गरेको गल्ति हेर्नुहुन्छ र हामीलाइ अगुवाइ गर्नुहुन्छ । त्यस पछि चौथो कुरा उत्पत्ति ६ को ९ अनुसार परमेश्वर को साथमा चल्नु हो । किनकी नुहले पहिला परमेश्वरको अनुग्रह पाए त्यसपछि धार्मिक मानिए र निर्दोश भएर परमेश्वर को अगाडि चले र चौथोमा आएर परमेश्वरको साथ साथमा चले । उत्पत्ति १७ को १ अनुसार अब्राहाम ९९ शाल पुग्दा पनि उनी परमेश्वर को साथ साथमा चल्ने भएका थिएनन् । त्यति मात्र नभएर निर्दोश भएर पनि जीवन जीएका थिएनन् ।

आमोश ३:३ 3 दुइ जनाको आपसमा सहमत् नभए सम्म संग-संगै हिडन सक्तैनन्।

सबै कुरामा सहमत भए पछि मात्र परमेश्वर को साथ साथमा हामी हिड्न सक्छौ । नुह को जीवनमा पनि उनी परमेश्वर संग संगै हिड्नलाइ धेरै समय लाग्यो । नुह को जीवनमा परमेश्वरको अनुग्रह आयो उनी धार्मिक मानिए र त्यसपछि दिन दिनै निर्दोश भएर जीए यहि निर्दोश भएर जीउने क्रममा परमेश्वरले नुहलाइ एउटा जाहाज बनाउने काम दिनुभयो । जब सम्म हामी परमेश्वरमा निर्दोश भएर हिड्दैनौ तब सम्म हामीलाइ परमेश्वरले जिम्मेवारी दिन सक्नुहुन्न । जब हामी परमेश्वरले दिनुभएको काम हामी गर्छौ भने हाम्रो जीवनमा त्यस कामले उद्धार ल्याउछ । जे पनि हामी परमेश्वर को काम गर्छौ त्यो सबै काम उद्धार संग जोडिएको हुन्छ । आर्मी सबै जना युद्धमा जादैनन् कोहि आर्मी ड्राइभर हुन्छन् कोहि कुक हुन्छन् र पनि सबै जना आर्मी नै हुन् उनैहरु सबै जना लडाइमा नगए पनि सबै जना त्यो लडाइको भाग हुन् त्यो लडाइ को लागी केहि न केहि योगदान सबैले गरेको हुन्छ । बचन प्रचारमा क्यमारा म्यान चाहिन्छ । बचन बाढ्नु र बचन प्रचारमा क्यामारा म्यान को काम गरेर पनि कसैको उद्धार हुन्छ । संसारमा धेरै क्यामरा म्यानहरु छन् तर उनीहरुको कामले कसैको पनि उद्धार आउदैन । त्यसैले हामीले गरेको काम बाट मान्छेको उद्धार हुन जरुरी छ । न्याय को दिन हाम्रो काम आगो द्वारा जाचँ हुन्छ । त्यति खेर हाम्रो काम अगोले नस्ट हुनुहुदैन ।

उत्पत्ति ७:१ सपछि परमप्रभुले नूहलाई भन्नुभयो, "आफ्नो पुरै परिवारसित जहाजमापस किनभने पृथ्वीमा अहिले जीवित रहेका मानिसहरुमा तँ मात्र असल मानिस छस् भनी मैले देखें।

परमेश्वरले यहाँ पस भन्नुभएन जाहाज भित्र आओ भन्नुभयो । यो परमेश्वरले पहिलो चोटि आओ भन्ने शब्द चलाउनु भएको छ । नेपाली बाइबलमा सहि उल्था गरीएको छैन । पस होइन आओ हो । परमेश्वरको उपस्थीति बाहिर होइन मेरो उपस्थीति जाहाज को भित्र हो त्यसैले मेरो उपस्थीति भित्र आ भनेर बोलाउदैहुनुहुन्छ । त्यस पछि धेरै चोटि परमेश्वरले आओ भन्नुभयो हे थाकेका र बोझले लादिएका व्यक्ति हो म काहाँ आओ म तिमीलाइ बिश्राम दिनेछु । यसरी अन्तिममा प्रकासको २२ अध्यायमा दुलहा र आत्मा बोल्नुहुन्छ जो तिर्खाउछ आउनुहोस् भनेर भनेको छ । परमेश्वरले नुहलाइ भने तिमीलाइ मैले धार्मीकता देखेको छु । यो धार्मिकता परमेश्वरले

भनेको काम नुहले पुरा गरेपछि को धार्मीकता हो । पहिला पनि नुह धार्मीक थिए त्यो परमेश्वर को अनुग्रहको कारणले पाएका थिए अहिले को धार्मिकता परमेश्वरले दिएको अनुग्रहलाइ पाएर त्यो अनुग्रहले काम गरेको कारण पाएको धार्मिकता हो ।

एफिसी २:८ [8]तिमीहरू अनुग्रहले बचाइएकाछौ। अनि त्यो अनुग्रह विश्वासद्वारा पाएका हौ। तिमीहरू आफैले तिमीहरूलाई बचाएनौ। परमेश्वरको यो एउटा उपहार हो। [9]तिमीहरू आफ्नो काम-कुराले बाँचेका हुँदै होइनौ। यसैले कसैले यसको गर्व गर्न सक्दैनौं।
[10]हामी जस्तो छौं त्यस्तो परमेश्वरले नै बनाउनु भएको हो। ख्रीष्ट येशूमा असल काम गर्नलाई हामीलाई नयाँ जीवन दिइएको छ। हाम्रालागि ती राम्रा काम गर्दै हामीहरू बाँचौं भनेर परमेश्वरले यसो गर्नु भएको हो।

२ वटा धार्मिकता छ । एउटा परमेश्वरले हामी माथि अनुग्रह दिएर हामीलाइ धार्मिक बनाउने धार्मिकता छ । अर्को हामीले परमेश्वरले दिएको अनुग्रह द्वारा काम गरेर पाउने धार्मिकता ।

हिब्रु ११:७, [7]नूहले त्यसबेला सम्म जुन देखेकै थिएनन् त्यसको लागि उनलाई परमेश्वरले चेतावनी दिनुभयो, परमेश्वर प्रति नूहको विश्वास र श्रद्धा थियो। यसर्थ उनले आफ्नो परिवारलाई बचाउन एउटा ठूलो जहाज बनाए। आफ्नो विश्वासले संसार गल्ती छ भन्ने उनले देखाए अनि विश्वासद्वारा परमेश्वरका धर्मी बनिने ती मानिसहरूमध्ये उनी एकजना भए।

यहाँ नुहलाइ उसको काम हेरेर परमेश्वरले धार्मिक बनाउनुभयो । यसरी हाम्रो जीवन हेरेर पनि परमेश्वरले हामीलाइ धार्मिक बनाउनुहुन्छ ।

२ तिमोथी ४:७-८ [7]मैले लडाई लडेको छु र दौड सिद्धाएको छु। मैले विश्वास बचाइ राखेकोछु।
[8]अब एउटा मुकुटले मलाई पर्खिबसेको छ। म परमेश्वरसँग ठिक रहेकोले गर्दा मैले त्यो धार्मिकताको मुकुट पाउने छु। हो, उहाँले मलाई त्यो मुकुट त्यस दिन दिनुहुनेछ। उहाँले त्यो मुकुट ती समस्त मानिसहरूलाई दिनुहुनेछ जसले, उहाँको आगमन चाहेकाछन् अनि जसले उहाँको प्रतिक्षा गरेकाछन्।

यो धार्मिकता पावल ले गरेको काम को अनुसार हो । त्यसैले पावल ले भने म परमेश्वर संग ठिक रहेकोले गर्दा धार्मिकताको मुकुट पाउनेछु । सबै भन्दा पहिला परमेश्वरले अनुग्रह दिनुहुन्छ र त्यो अनुग्रहले धार्मीक गनिन्छ । त्यस पछि त्यो अनुगह द्वारा दिन दिन को जीवनमा निंदोश जीवन जीउछ त्यस पछि उसलाइ परमेश्वरले धार्मीक मान्नुहुन्छ ।

१ युहन्ना ३:७ [7]प्यारा बालकहरु, कुनै व्यक्तिलाई पनि तिमीहरुलाई छल्न नपाओस। ख्रीष्ट र्धमिक हुनुहुन्छ ख्रीष्ट जस्तो बन्नका निम्ति एक व्यक्तिले जो सही छ त्यो अनुसरण गर्नुपर्छ।

पहिला अनुग्रह पाएको मान्छे मात्र धार्मीकतामा चल्न सक्छ । हामीले गरेको काम न्याय द्वारा आउन सक्छ नोक्सान हुदैन । नुहले बनाएको जाहाज को अलग प्रकार छ । पहिलो यो धार्मीकताको काम हो । दोस्रोमा यो जाहाज येशु मशिह को प्रति रुप हो । तेस्रोमा मण्डलीको रुप हो । पहिलो परमेश्वरले जिम्मेवारी दिनुभएको मेरो आ९नै आ९नै काम , दोस्रोमा जाहाज येशु को प्रकार हो । जो जो जाहाज भित्र पस्यो तिनीहरु मात्र बचे त्यसैगरी जो जो येशुमा आउछ तिनीहरु मात्र बाच्छन् । तेस्रोमा जो जो जाहाज भित्र पसे उनीहरु भित्रै बसे जाहाज एउटा मण्डली को एउटा प्रकार हो । जसले जसले उद्धार पाउछन् उनीहरुलाइ मण्डली भित्र राख्छन् । नुहले बनाएको जाहाजलाइ हामीले येशु र मण्डली को रुपमा हेर्नु पर्छ । र हामीले नुह को जीवन बाट धेरै कुरा सिक्न सक्छौ ।

हिब्रु ५:८-९ [8]येशू परमेश्वरका पुत्र हुनुहुन्थ्यो तर उहाँले कष्ट भोग्नु भयो र त्यसबाट उहाँले आज्ञाकारी बन्न सिक्नुभयो।
[9]तब नै येशू पूर्ण बनाइनु भयो अनि उहाँको आज्ञा मान्नेहरू सबैको निम्ति अनन्त मुक्तिको स्रोत बन्नुभयो।

विश्वासमा चल्दा खेरी नदेखेको परमेश्वर को आज्ञा पालन गर्नु पर्छ । जसरी येशु पनि कष्ट भोगेर आज्ञाकारी बन्नुभयो । हामी एकै चोटि २ घण्टा बचन सुन्न सक्ने भएका होइनौ हामीले कष्ट द्वारा सिकेका हौ । सिनेमा ३ घण्टा हेर्दा त्यहाँ कष्ट हुदैन । किनभने त्यहाँ आत्मिक लाभ हुने कुरा केहि पनि छैन । त्यसैले हामी कष्ट द्वारा आज्ञाकारी भएर सिद्ध हुनु पर्छ ।

रोमी ५:१९ [19]एकजना मानिसको अनाज्ञाकारीताले धेरै मानिसहरू पापी भए। तर त्यस्तै प्रकारले एकजना मानिसको अनाज्ञाकारीताले धेरै मानिसहरू धार्मिक बनाइन्छन्।

हामी धार्मीक भएको हाम्रो आज्ञाकारीताले होइन येशु को आज्ञाकारीताले गर्दा हो । येशु को आज्ञाकारीता को कारणले मात्र हाम्रो उद्धार भएको हो । नुहले बनाएको जाहाज येशु को प्रकार हो । परमेश्वरले जस्तो बनाउनु भन्नुभयो त्यो अनुसार जाहाज बनाउन नुहलाइ १२० शाल लाग्यो । भित्र बाहिर अलकत्राले लिप्नु भन्नुभयो । न्याय को दिनमा पानी पस्न हुदैन भनेर बार बार उनीहरुले जाहाजलाइ चेक गरे । हाम्रो आज्ञाकारी पनि यो नुह को जाहाज जस्तै हो सिद्ध हुनुपर्छ । कहिले कहिले हामी सोच्छौ कि हाम्रो अनाज्ञाकारीताले हाम्रो उद्धार हामीले गुमायौ होला भनेर तर हाम्रो उद्धार हाम्रो आज्ञाकारीताले भएको होइन । हाम्रो उद्धार येशु को बलिदान अर्थात उहाँको आज्ञाकारीताले भएको हो । हामीले उद्धार पाए पछि आज्ञाकारीतामा चल्छौ त्यो आज्ञाकारीताले हाम्रो जिवनमा परमेश्वरले मुकुट राख्नु भएको छ । हामीले गुमायौ भने मुकुट गुमाउछौ उद्धार होइन ।सरकारी स्कुलमा जान पैसा लाग्दैन फि हो तर पास हुन र अर्को कक्षामा जान को लागी पढ्नु पर्छ र पास हुनु पर्छ । त्यसै गरी हामीले परमेश्वर को राज्यमा पस्न को लागी काम गरेको होइन त्यो फि सित्तैमा हो । त्यसको लागी हामीले बस हाम्रो पाप देखी पस्चाताप गर्नु पर्छ र येशुलाइ आ९नो मुक्तिदाता भनेर स्वीकार गर्नु पर्छ । तर त्यसपछि आज्ञाकारीतामा चल्नुपर्छ त्यो मुकुट को लागी हो । येशु को बोलावट त्यसको लागी हो जो जो थाकेका छन् सबै म काहाँ आओ तिमीहरुले बिश्राम पाउने छौ । त्यसैले येशु बोलाउदै हुनुहुन्छ भित्र पस । अन्तिममा आउने कछुवालाइ पनि येशु भन्नुहुन्छ छिटो भित्र पस र आफुलाइ बचाउ । लुतलाइ श्वर्गदुतले जबरजस्ती हात पक्रेर सदोम बाट निकाले । येशु संगै कुशमा टागेको व्यक्ति अन्तिममा थोरै समयमा येशुले उसलाइ उद्धार दिनुभयो ।

युहन्ना ६:३७ [37]जुन मानिसहरू पिताले मलाई दिनुहुन्छ मकहाँ आउनेछन्। मकहाँ जो आउँछन् म कसैलाई पनि फर्काउने छुइन।

भित्र पस्ने कसैलाइ पनि येशुले त्याग्नुहुन्न ।

युहन्ना १०:९ [9]म ढोका हुँ। जुन मानिस मद्वारा पस्दछ ऊ जोगिन्छ। त्यो मानिस भित्र आउने र बाहिर जाने योग्य हुँदछ। उसले चाहेको जति सबै कुराहरू पाउनेछ।

ढोका एउटा मात्र छ त्यो हो येशु । त्यसैगरी नुहले बनाएको जाहाज को पनि एउटै मात्र ढोका थियो र त्यो ढोका माथि होइन तल थियो । कति वटा मण्डलीले ढोका माथि राखेको छ । यहि सिद्धान्तमा चल्यो भने मात्र ढोका भित्र पस्न सक्छ होइन भने सक्दैन भनेर आफ्नो आफ्नो सिद्धान्त बनाएका छन् । उनीहरु को सिद्धान्त अनुसार चल्नु पर्छ नत्र भने उद्धार हुदैन भन्छन् । ढोका त माथि राखेको कारण एउटा मान्छे पनि जाहाज भित्र पस्न सक्दैनन् । तर येशुको कुशको ढोका तल राखेको छ । उहाँ को कृपा द्धारा सबै पस्न सक्छ । र पहिलो तल्ला बिचको तल्ला र माथि को तल्ला परमेश्वर को अनुग्रहलाइ अपनाएर जुन सुकै तल्लामा पुग्न सकिन्छ ।

मत्ति ७:१३ [13]"साँघुरो ढोकाबाट भित्र पस, जसले स्वर्ग तिर पुर्‍याउँछ। नर्कमा जाने बाटो एकदमै सजिलो छ। अनि ढोका पनि फराकिलो छ। धेरै मानिसहरू त्यसबाट भित्र पस्दछन्।

[14]जीवनको बाटोमा लाने ढोका साँघुरो हुन्छ। अनि बाटो अति कठिन छ। केवल केही मानिसहरूले मात्र त्यो बाटो पैलाउन सक्छन्।

नुहले बनाएको जाहाज जाहाज जस्तो थिएन एउटा कालो बक्स जस्तो थियो जसमा भित्र र बाहिर अलकत्राले लिपेको थियो । जसमा संसार देखी आएको ब्यक्तिलाइ भित्र पस्न अपठ्यारो लाग्छ । उज्यालो आउन को लागी माथिल्लो तल्लामा जानुपर्छ । जाहाँ सानो सानो झ्याल छ । त्यसै गरी मण्डली भित्र बसेका मान्छेहरुमा संसारको उज्यालो नै छैन । त्यसैले नुहले बनाएको जाहाज एउटा कालो बक्स जस्तै थियो । यसो हेर्दा मरेको मान्छे हाल्ने कफन बक्स जस्तै थियो । त्यसै गरी संसारको मान्छेहरुको लागी मण्डली कफन बक्स जस्तै हो जाहाँ केहि पनि रमाइलो छैन । खास गरी मण्डली कफन बक्स नै जो जो यो संसार को लेखी मरे तिनीहरु को लागी मात्र हो मण्डली तर आज कल मान्छेले मण्डली भित्र रमाइलो बनाउनको लागी संसार मण्डली भित्र लिएर आएका छन जसले गर्दा मण्डलीको उदेस्य नै जान्छ । उद्धार नपाएको मान्छेलाइ मण्डली भित्र नल्याउनुहोस् हामीले भिड खोज्नु हुन्न येशुले पनि कहिलै भिड खोज्नु भएन भिडले येशुलाइ खोजेर आएका थिए । चमत्कार को काम हुदा भिड पुरा आउछ । येशु को शिक्षा दिदा भिड पुरा जान्छन् । येशु को चेला हुन को लागी पहिलो आफुलाइ इन्कार गर्नु पर्छ । दोस्रोमा कुश बोक्नु पर्छ र तेस्रोमा येशु को पछि लाग्नुपर्छ । यो कुराहरु गरे पछि हामी मण्डलीमा भित्र पसेर माथिल्लो तल्लामा जान सक्छौ । उजाड स्थान बाट प्रतिज्ञाको देश आउदा १२ कुल मध्य २ वटा कुलले भन्यो हामी यर्दन नदि पार गर्दैनौ हामी तपाइहरु संग आउदैनौ । यता नै हरियो छ हाम्रो गाइ बाखा गोरु सबै को लागी यहि राम्रो छ भनेर भने । मोशाले भने तिमीहरु उता जानै पर्छ तिमीहरु को लागी तिमीहरुको भाइहरुले लडाइ गरे अब जिते पछि यदि तिमीहरुलाइ केहि चाहियो भने यता आओ । होइन भने तिम्रो पाप को त्यो दिन न्याय हुन्छ । येशु अन्तिममा आउदा ग्यालरिन्स्मा जादा खेरी दुष्ट आत्माले पक्र्यो । समस्या आउदा खेरी सबै भन्दा पहिला गिंने मान्छे यर्दन नदि पार नगरेर यता पटि नै बस्ने मान्छे पहिला गिंर्छ । त्यसैले परमेश्वर भन्नुहुन्छ तल नबस माथि माथि बस किनभने परिक्षा आउदा पहिला तलको मान्छे नै गिंर्छ । प्रकास को पुस्तकमा एएटा मण्डली संग परमेश्वर भन्नुहुन्छ जीउदै छ भनेर तिमीहरुको एउटा गवाहि छ खास गरी तिमीहरु मर्न आटेका छौ । अलिकति सास मात्र बाकि छ ।

उत्पत्ति ७:१६ **16** यी सबै पशुहरु परमेश्वरले नूहलाई दिनु भएको आज्ञा अनुसार जोडी जोडी भएर आए। त्यसपछि परमप्रभुले जहाजको ढोका बन्द गरिदिनु भयो।

परमप्रभुले जाहाज को ढोका बन्द गरिदिनु भयो । यदि यो जाहाज येशुको प्रकार हो भने हाम्रो सुरक्षा येशुमा मात्र छ ।

१ कोरिन्थी १:३० [30]परमेश्वरले तिमीहरूलाई ख्रीष्ट येशूको एक अंश बनाउनु भएको छ। परमेश्वरबाट ख्रीष्ट हाम्रा लागि ज्ञान बन्नु भएको छ। ख्रीष्टको कारणले नै हामी परमेश्वर प्रति धार्मिक छौं; अनि हामी पापरहित छौं। अनि ख्रीष्टकै कारणले हामी पवित्र छौं।

येशु हुनुभयो मेरो बुद्धि ,मेरो धार्मीकता, मेरो पबित्रता, र मेरो उद्धार । हामी येशुमा शुरक्षित भयौ । हामीलाइ आत्माले आएर छाप लगाएको कारण हामी बचाइएका छौ ।

कलस्सी ३:३ [3]तिमीहरूको पुरानो पापमय जीवन मरिसकेको छ, अनि तिमीहरूको वर्तमान जीवन परमश्वरमा ख्रीष्टसित छ।

हामीहरुको जीवन खीष्ट संग लुकाइएको छ । बाहिर बाट भित्र जाहाजमा पसेको हरेक प्राणी संसार को लागी मरेका थिए । जाहाज भित्र गए पछि उनीहरु बचाइए । डेमास पावलको साथ हिडेर हिडेर पनि मरेको थिएन त्यसैले एकदिन संसारलाइ चुनेर गयो । यहुदा स्कोरथी येशु संग हिडे पनि उ भित्र मरेको थिएन जसले गर्दा एक दिन सैतानले पक्रेर लिएर गयो । चेलाहरु पनि भित्र मरेका थिएनन् । जब येशु को पुनरउत्थान पछि येशुले आत्मा को स्वास फुकिदिनु भयो त्यस पछि मात्र चेलाहरु मर्न सुरु भए।

रोमी ८:१ सैले, अब जो-जो ख्रीष्ट येशूका साथ छन् उनीहरूलाई दोषी ठहरइने छैन।

खीष्ट येशुमा हिड्नेहरुलाइ दण्ड को आज्ञा छैन । किनभने उनीहरु संसारको इच्छामा हिडेका होइनन् । पबित्र आत्माको अगुवाइमा हिडेका हुन् । नुहले बनाएको जाहाजमा पस्ने मान्छेले जाहाज भित्र आफ्नो इच्छाले केहि पनि गर्न सक्दैन । भित्र खाना खान मन लाग्यो नुह पानी पिउन मन लाग्यो नुह सबै कुरामा नुह माथि भरोसा । नुह पवित्र आत्माको एउटा प्रकार भयो । बाखा काहाँ बस्ने हात्ति काहाँ बस्ने सबै कन्ट्रोल नुह को हातमा थियो । र पनि जाहाज भित्र को संगती अलग्गै हो । त्यसैगरी मण्डली भित्रको संगती अलग्गै हुन्छ ।

उत्पत्ति ७:२३ [23]यसर्थ पृथ्वीको सतहमा रहने मानिसहरु पशुहरु, घस्रिने जन्तुहरु अनि आकाशमा उड्ने प्राणीहरु परमेश्वरले नष्ट पार्नु भयो। यी सब प्राणीहरुलाई पृथ्वीबाट नष्ट गरियो। केवल नूह र उनीसंगै जहाजमा भएका मानिसहरु र अन्य प्राणीहरु मात्र जीवित रहे।

मान्छेहरु हाम्रो बारेमा सोच्छन् कि हामीहरु पागल हौ हरदिन बाइबल अध्यन मा जान्छौ । मारपिट खाएर पनि सुसमाचार सुनाउन छोड्दैनौ । हर हप्ता मण्डली जान्छौ ये सबै कुराहरु संसारको मान्छेहरुको लागी ब्यर्थका कुराहरु हुन् ।

१ पत्रुस ३:२०-२१ [20]ती आत्माहरु तिनीहरु हुन् जसले नूहको समयमा परमेश्वरको आज्ञा पालन गर्न अस्वीकार गरेका थिए। परमेश्वरले तिनीहरुलाई धैर्यसित प्रतिक्षा गरिरहनु भएको थियो जुन बेला नूहले जहाज बनाइरहेका थिए। केवल जम्मा आठजना त्यस जहाजमा बाँचेका थिए। ती मानिसहरुलाई पानीले बचाएको थियो।
[21]त्यो पानी बप्तिस्मा जस्तै थियो जसले आहिले तिमीहरुलाई बचाउँछ। बप्तिस्मा शरीरको मैला धुने होइन। बप्तिस्मामा हामी परमेश्वरसित पवित्र हृदयको निम्ति याचना गरिरहेकाछौं। यसले तिमीहरुलाई बचाउँछ किनभने येशू ख्रीष्टलाई मृत्युबाट उठाइएको थियो।

जहाज को बाहिर सबै जना पानी द्वारा मरे र अर्को तर्फ जाहाज को भित्र पानी द्वारा बचाइयो । यहि पानी बप्तिष्मा को एउटा रुप हो । जब जाहाज बाट बाहिर निस्कन्छ भने नयाँ जीवन लिएर बाहिर निक्ले ।

यसैया ५३:१० [10]परमप्रभुले उसलाई श्राप दिने निर्णय गर्नु भयो। परमप्रभुले ऊ पीडित हुनै पर्छ भनेर निर्णय गर्नुभयो। यसकारण दासले स्वयंलाई मर्नको लागि समर्पण गरे। तर उसले लामो समय सम्म नयाँ जीवन बाँचे। उसले आफ्ना मानिसहरूलाई देख्नेछन्। परमप्रभुले उसबाट चाहे जस्तै उसले ती कुराहरू पूर्णगर्ने छ।

येशु मशिह एउटा नुह को जाहाज को प्रकार हुनुहुन्छ । ४० दिन ४० रात पानी जाहाज को माथि पर्‍यो । त्यसैगरी जो जो येशु मा आउछन् उनीहरु न्याय बाट बाच्छन् कारण सबै न्याय येशु माथि आउछ । त्यसकारण येशु जाहाज को प्रकार हो । पाप को दण्ड मृत्यु हो जब हामी येशुमा आउछौ त हाम्रो पाप को दण्ड मृत्यु येशुले बोक्नुभयो र सबै हाम्रो पाप को दण्ड हाम्रो माथि होइन येशुको माथि आउछ । हामी जति जति पाप गर्छौ त्यति त्यति येशुले त्यसको दण्ड भोग्नुहुन्छ । त्यसैले येशुले भन्नुभयो जसले मलाइ प्रेम गर्छ त्यसले मेरो आज्ञा पालन गर्छ मलाइ दुख दिदैन । दण्ड पुरा येशुको माथि आउछ अर्थात हाम्रो हर पल को पाप को दण्ड २००० शाल पहिलानै उहाँले बोकि सक्नुभयो । उहाँको लागी समय त एकै समान हो । त्यसैले हामी येशुमा मात्र पुर्ण रुपमा सुरक्षीत हुन्छौ । जो येशुमा छैनन् उनीहरु न्यायमा परेर मर्छन् । जसरी जाहाज बाहिर भएकाहरु सबै मरे ।

१ पत्रुस १:५ [5]तिम्रो विश्वास मार्फत परमेश्वरको शक्तिले तिमीहरु सुरक्षित रहन्छौ। यो मुक्ति तयार राखिएकोछ अनि यो तिमीहरुलाई समयको अन्तमा दिइनेछ।

बिश्वास द्वारा अनुग्रह पाउछ र त्यो अनुग्रह द्वारा हामी सुरक्षित हुन्छौ । अन्तमा मेरो शरीर को उद्धार होइन परमेश्वरको शक्ति द्वारा मेरो प्राण को उद्धार हुन्छ । त्यो दिन को लागी नुह र जाहाजमा भएका सबैलाइ बचाएर राखियो । त्यसैगरी हामलाइ हाम्रो प्राण बचाउनको लागी येशु मा केहि समय राखिन्छ । त्यस पछि ८ शरीर बाहिर आयो भनेर बचनले भन्दैन ८ प्राणी बाहिर आयो भनेर बचनले भन्छ । १५० दिन पछि फेरी अर्को ५० दिन पछि यिनीहरु जहाज बाट बाहिर निस्के । यो ८ प्राणीलाइ परमेश्वरले जाहाज को भित्र छुपाएर राखेको कारणले उनीहरु सुरक्षीत जाहाज बाट बाहिर आउन सके । त्यसै गरी एक दिन तुरहि फुक्दा बिश्वास गर्ने र नगर्ने सबै जना न्याय को शाषण अघि उभिदा जो जो संसारमा नुह को जाहाज को जस्तै येशुमा आएका छन् अर्थात येशुमा छुपाएर राखेका छन् । उनीहरु को उद्धार हुनेछ । उनीहरु त्यो बाट बाच्नेछन् । जसरी नुह को पालामा जोजो जाहाज को भित्र परमेश्वरले छुपाएर राख्नुभएको थियो । तिनीहरु बचे । त्यसैले हाम्रो भरोसा सबै येशु को माथि हो ।

उत्पत्ति ७:१२ [12]अनि पृथ्वीमा मूसलधारे पानी चालीस दिन चालीस रात एकोहोरो परिरहयो।

४० दिन र ४० रात पानी परिरहयो । ४० दिन को बारेमा बचनमा धेरै ठाउमा हामी पाउन सक्छौ । योनाले ४० दिन निनबेह शहरलाइ परमेश्वरको सन्देश बाटे । त्यसैगरी येशुले पनि ४० दिन उपवास बसेर पबित्र आत्मा को सामर्थ पाउनुभयो । ४० दिन को अर्थ हो जो जाहाज को भित्र हुन्छन् उनीहरुले ४० दिन को पछि पानी रोकिन्छ र उनीहरुले स्वतन्त्रता पाउछन् । न्याय सकिन्छ र स्वतन्त्रता सुरु हुन्छ ।

लेवी २५:८-१० [8]"तिमीहरूले सात वर्ष सात पल्ट गन्नु जसको प्रतिफल 49 वर्ष निस्कन्छ। त्यस समयको अवधिमा त्यहाँ भूमिलाई सात वर्षको निम्ति विश्राम हुनेछ।
[9]सासौं महीनाको दशौं दिन जुन प्रायश्चितको दिन हुन्छ भेडाको सींगको तुरही बजाउनु। यो सारा देशभरि बजाउनु पर्छ।
[10]तिमीहरूले पचासौं वर्षलाई विशेष वर्ष रूपमा मनाउनेछौ अनि सारा देशका सबै मानिसहरूको निम्ति स्वतन्त्रताको घोषणा गर्नेछौ, जसलाई जयन्ती उत्सवको रूपमा मनाइनेछ। यस समयमा प्रत्येक मानिसले आफ्नो सम्पति फिर्ता पाउनेछ। प्रत्येक सेवक आफ्नो घरमा फर्किनेछ। आफ्नो घर-जमीनमा जानेछ, आफ्नो परिवार भएकोमा फर्कर जानेछ।

५० शाल पुगे पछि सबै मानिसहरुको निम्ति स्वतन्त्रताको दिन हुनेछ र यो दिन तुरहि बजाउनु । फेरी अर्को एउटा ५० शाल यसरी ५० , ५० शाल स्वतन्त्रता उत्सव मनाउदै जानेछ । यसरी स्वतन्त्रता देखी स्वतन्त्रता उत्सव हुदै जाने क्रममा ४० जुब्लि भन्नाले २००० शाल पुग्न आट्यो यो संसार पाप बाट स्वतन्त्रता हुनै आट्यो त्यसैले येशु चाडै आउदैहुनुहुन्छ ।

रोमी ८:१९-२१ [19]परमेश्वरले बनाउनु भएको प्रत्येक वस्तुले ठुलो उत्सुकताको साथ त्यस समयलाई पर्खिरहेकोछ जब परमेश्वरले उहाँका छोराहरू को को हुन् भनेर देखाउनु हुनेछ। त्यो विशेष समय हेर्न सारा संसारको उत्कट अभिलाषा छ।
[20]प्रत्येक वस्तु जुन परमेश्वरले बनाउनु भयो त्यो मूल्यहीन भएर गयो। त्यसले परिवर्तन गर्न चाहेन, तर परमेश्वरकै इच्छा अनुसार यस्तो भयो। तथापि त्यहाँ यस्तो आशा थियो:
[21]परमेश्वरले बनाउन भएको हरेक कुरा नाश हुनबाट मुक्त बनाइने छ र परमेश्वरका छोरा-छोरीहरूले महिमा र स्वतन्त्रता प्राप्त गर्नेछन्।

जब येशु को शाषण आउछ । संसारको सबै शृष्टिका कुरा बन्द हुन्छ । बाढि आउदैन , पहिरो जादैन , सुनामी आउदैन , आधि बेहेरी आउदैन सबै बन्द हुन्छ । अहिले हाम्रो भित्र मात्र स्वतन्त्रता छ बाहिर छैन । भित्र आत्मामा चाहेको कुरा हामी गर्न सक्दैनौ । मेरो इच्छा त सबै मुभि हल बन्द गर्नै मन छ , रक्सि को पसल बन्द गर्न मन छ , सबैलाइ मण्डली लिएर आउन मन छ तर यो सबै हामीले गर्न सक्दैनौ । तर जब येशु को राज्य यस संसारमा आउछ सबै पाप बन्द हुन्छ र हामी ले स्वतन्त्रता पाउछौ । पापीहरु हुन्छन् तर शाषण शन्तहरुको हातमा हुन्छ । अहिले संसारमा भित्र मात्र स्वतन्त्रता छ । बाहिर हामी केहि गर्न सक्दैनौ त्यो दिन हामी बाहिर पनि हाम्रो इच्छामा काम गर्न सक्छौ । कारण येशु को राज्य आयो । बाहिर संसारमा ४० दिन ४० रात न्याय  चल्दैछ । यिनीहरु ८ प्राणी को लागी जाहाज भित्र स्वतन्त्रता चल्दैछ । त्यसैगरी हाम्रो लागी स्वतन्त्रता मण्डली भित्र मात्रै हुनुपर्छ । मण्डली भित्र मात्र हामी आराधना , भजनगीत , परमेश्वरको बचन , गवाहि सबै थोक हामी मण्डली भित्र मात्र गर्न सक्छौ । आत्मिक कुराहरुको लागी डर्नु नै पर्दैन । नुह र नुहका परिवारहरु यदि जाहाज को बाहिर भएका भए उनीहरु मर्ने थिए । उनीहरु को स्वतन्त्रता बाहिर थिएन । जाहाज भित्र मात्र उनीहरुको स्वतन्त्रता थियो । त्यसै गरी हाम्रो पनि प्राण भित्र मात्र स्वतन्त्रता छ । यो संसारमा अर्थात हाम्रो शरीर भन्दा बाहिर स्वतन्त्रता छैन । प्राण भित्र हामीलाइ ६ घण्टा प्रार्थनामा बस्न मन छ भने पनि हाम्रो शरीरले दिदैन शरीर थाक्छ । असल शन्तहरु यो शरीर बाट निक्लीन खोज्छन् । परमेश्वर को लागी धेरै कुरा गर्ने इच्छा हुदा हुदै पनि यो शरीरले गर्न दिदैन । जब हामीले नयाँ शरीर पाउछौ त्यो शरीर थाक्दैन सुत्न पर्दैन । तर जब येशु आउनुहुन्छ त्यो बेला हामीले त्यति खेर मात्र स्वतन्त्रता को अनुभव गर्न सक्छौ जब हामीलाइ यो संसारमा हुदा खेरी नै हाम्रो प्राणले हर पल परमेश्वरको महिमा गर्न चाहन्छ । सबै को पुनरउत्थान हुन्छ । जसले बिश्वास गरेको छैन त्यसले पुरानो शरीर नै पाउछ र त्यो शरीर नरकमा नै जान्छ । जसले बिश्वास गरेको छ त्यसले त्यसको अनुसार नै महिमीत शरिर पाउछ ।

२ कोरोन्थी ३:१७-१९ [19]परमेश्वरले बनाउनु भएको प्रत्येक वस्तुले ठूलो उत्सुकताको साथ त्यस समयलाई पर्खिरहेकोछ जब परमेश्वरले उहाँका छोराहरू को को हुन् भनेर देखाउनु हुनेछ। त्यो विशेष समय हेर्न सारा संसारको उत्कट अभिलाषा छ।
[20]प्रत्येक वस्तु जुन परमेश्वरले बनाउनु भयो त्यो मूल्यहीन भएर गयो। त्यसले परिवर्तन गर्न चाहेन, तर परमेश्वरकै इच्छा अनुसार यस्तो भयो। तथापि त्यहाँ यस्तो आशा थियो:
[21]परमेश्वरले बनाउन भएको हरेक कुरा नाश हुनबाट मुक्त बनाइने छ र परमेश्वरका छोरा-छोरीहरुले महिमा र स्वतन्त्रता प्राप्त गर्नेछन्।

नुह को जाहाज को तला छ । पहिल्लो तला दोस्रो तला र तेस्रो तला । त्यसै गरी हाम्रो पनि शरीर , प्राण र आत्मा हुन्छ । जाहाँ आत्मा प्रभु हो त्यहाँ श्वतन्त्रता छ । पबित्र आत्मा आउदा पहिला हाम्रो आत्मामा बस्नुहुन्छ सबै भन्दा पहिला हाम्रो आत्मामा श्वतन्त्रता हुन्छ । त्यसपछि आत्मा प्राणमा लडाइ गरे पछि प्राणमा पनि श्वतन्त्रता हुन्छ । तर शरीरलाइ कब्जामा लिएर आउनुपर्छ । आत्मा र प्राणमा स्वतन्त्रता पाए पनि शरीरलाइ स्वतन्त्रतामा लिएर आउन धेरै कठिन हुन्छ । आत्माले प्राणलाइ भन्छ । प्राणले शरीरलाइ भन्छ शरीर त सुन्दै सुन्दैन । शरीरलाइ कब्जामा लिएर आउनु पर्छ । किनभने हामीलाइ केहि पनि गर्न को लागी शरीर चाहियो शरीर बिना त हामीले केहि पनि गर्न सक्दैनौ ।

प्रकाश ४:८ [8]यी प्रत्येक चार सजीव बस्तुहरुका छ वटा पखेटाहरु थिए। यी सजीव बस्तुहरुका शरीर भरि, भित्र अनि बाहिर आँखाहरुले भरिएका थिए। तिनीहरु यसो भनिरहन दिन रात रोकिएनन्"पवित्र, पवित्र, परमप्रभु परमेश्वर पवित्र छन्, सर्व शक्तिवान छन्। उनी सर्वदा थिए, उनी छन् अनि उनी आउँदैछन्।"

श्वर्गमा पनि एउटा ढोका छ । नुह को जाहाजमा पनि एउटा ढोका थियो तर त्यो पहिलो तलामा थियो । जाहाज को भित्र बाट एउटा आवाज आउछ जाहाज  भित्र आउ । जाहाज भित्र पसे पछि फेरी एउटा आवाज आउछ माथि आउ । त्यसै गरी श्वर्ग को ढोका बाट पनि एउटा आवाज आउछ माथि आउ । माथि जाने नजाने त्यो चुन्न को लागी हामीलाइ दिएको छ । हाम्रो इच्छामा हो माथि जाने नजाने । पहिलो बोलावट हो जो जो बोझले थाकेकाहरु म काहाँ आओ । दोस्रो बोलावट पनि छ त्यो हो येशुमा आएपछि येशु को जुवा बोक । त्यस पछि माथि आउ म तिमीलाइ देखाउनेछु । माथि गए पछि पनि त्यहाँ बिभाजन छ । उद्धार को पछि एउटा आवाज आउछ उद्धार मात्र पाएर हुदैन प्रभु भन्नुहुन्छ माथि आउ । त्यसैले नुह को जाहाज बाट हामीले धेरै कुराहरु सिक्न सक्छौ । त्यसैले येशुले भन्नुभयो अन्त को दिन नुह को दिन जस्तै हुनेछ । शन्तहरु सुरक्षीत हुन को लागी येशुमा हुनु पर्छ । येशुमा मात्र स्वतन्त्रता छ ।

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद , धन्यबाद बिश्वासमा चलेका शन्तहरु देखी हामीलाइ अन्त को दिन को बारेमा तपाइले शिक्षा दिनुभयो । नुह जस्तै आज्ञाकारी भएर तपाइको आत्माले देखाएको एक एक कुरालाइ मानेर त्यहि अनुसार उसले जाहाज बनायो । हामी पनि त्यस्तै आज्ञाकारी भएर तपाइले देखाएको हर कुरा गर्नलाइ सामर्थ दिनुहोस् प्रभु । तपाइले हामीलाइ माथि आउनु भनेर बोलाउनुभएको छ । त्यो माथि आउनलाइ हामीलाइ अनुग्रह गर्नुहोस् प्रभु । बुद्धि र प्रकाश को आत्मा हामीलाइ दिनुहोस् प्रभु । तपाइको अनुग्रह र कृपाको लागी धन्यबाद येशु प्रभु को नाममा आमेन ।*